द्रष्टव्यः

साधारणतया शिकार लाइसेन्स नदिइने वन्यजन्तुः चितुवा, भालु, जरायो, घोरल, थार, घोडगधा ।

खण्ड ४१, अतिरिक्ताङ्क ५७ (क+१), मिति २०४८।६।१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले,
दीपेन्द्र पुरुष ढकाल
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मनोरञ्जन कर ऐन, २०१७ को दफा ६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मकवानपुर जिल्लास्थित श्री वज्र वराही माध्यमिक विद्यालय, थहचोकको सहयोगार्थ मिति २०५०।३।२७ गते राष्ट्रिय सभागृहमा प्रदर्शन हुने नेपाली चलचित्र "दुई थोपा आँसु" (एक शो) मा लाग्ने मनोरञ्जन कर पूर्णरूपमा छूट दिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत उप–सचिव

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ८क. बमोजिम पुनः नाप जाँच भएको निम्न स्थानहरूमा साविक नापीबाट कायम रहेको दर्ता श्रेस्ता आजैदेखि निष्क्रिय हुने गरी तोकेकोले यो सूचना प्रकाशित गरिएको छ ।

(१) जनकपुर नगरपालिकाको वडा नं. ४,८,१२,१३,१४ र १५,

(२) वसविही गा.वि.स. को नयाँ नापी भएको गाउँ ब्लकको जग्गा

(३) बिन्धी गा. वि.स. को नयाँ नापी भएको गाउँ ब्लकको जग्गा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
295